# विहादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ | संख्या ५ | मिति २०८१।१२।२९

## भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

## संवत २०७५ सालको कार्यविधि संख्या १ (विहादी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५) मा दोस्रो पटक संशोधन, २०८१

विहादी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ मा मिति २०८१।१२।२९ को कार्यपालिकावाट देहाय बमोजिम संशोधन गरिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५ अनुसार सर्वसाधारण सम्पूर्णको जानकारीका लागि यो संशोधित कार्यविधि प्रकाशन गरेको छ ।

# विहादी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ मा दोस्रो पटक संशोधन, २०८१

**प्रस्तावना :** विहादी गाउँपालिका भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न निर्माण व्यवसायहरुलाई घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र उपलब्ध गराई निर्माण सम्बन्धी गतिविधिहलाई कानूनी तथा करको दायरामा ल्याउन बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ञ) (६) बमोजिम विहादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विहादी गाउँ कार्यपालिकाले यो कार्यविधि देहाय बमोजिम संशोधन गरी लागू गरेको छ।

<u>विहादी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ को अनुसुची ५ मा संशोधन :</u>

अनुसुची-५
(दफा (२) को उपदफा (२) सँग सम्बन्धित

<u>"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता</u>

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई कम्पनी रजिष्टारको कार्यालय वा गाँउपालिकामा व्यवसाय दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
- (क) ट्याक्टर वा ट्रिपर (एक थान)
- (ख) मिक्सर (एक थान)
- (ग) Theodolite/Level Machine (एक सेट)
- (घ) वाटर पम्प (एक थान)
- (ङ) भाइब्रेटर (एक थान)

*द्रष्टव्य :*
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
३. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।
४. उपकरण हरुको स्वामित्वको रुपमा कम्तिमा २ वर्ष प्रचलित कानुन बमोजिम लिजमा लिन सक्नेछन् ।

आज्ञाले
हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत